# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कर्मैया, सर्लाही
मधेस प्रदेश, नेपाल
(२०७३)

०४६-४१०००८
०४६-४१०००९


पत्र संख्याः- २०८२/०८३
चलानी नं.:-

मिति : २०८२ /०४/२५

**विषय : लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।**

बागमती नगरपालिकाको स्मारिका प्रकाशन हुन गइरहेको हुँदा उक्त स्मारिकामा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुबाट यही २०८२/०५/२५ गते भित्र लेख रचना आह्वान गरिन्छ । लेख रचना साहित्यिक,खोजमूलक तथा अनुसन्धानमूलक हुनुपर्नेछ । प्रकाशनको लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए **यूनिकोड**/Preeti फन्टको साइज १४ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ। लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने विषयहरु देहाय बमोजिम रहेका छन्:

(क) लेखको शुरुमा लेखको सार जनाउने सारांश
(ख) मुख्य लेख/विषयवस्तु
(ग) अन्त्यमा निष्कर्ष
(घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्री

लेख रचनाका साथ लेखकले आफ्नो परिचय खुल्ने गरी सम्पर्क निकाय, पद, इमेल ठेगाना र फोन नम्बर पनि उल्लेख गरी पठाउन समेत अनुरोध गरिन्छ । लेख रचनाहरु बागमती नगरपालिकाको इमेल ठेगाना bagmatimun@gmail.com मार्फत पनि पठाउन सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारी प्रशासन शाखाबाट लिन सकिने व्यहोरा समेत सूचित गरिएको छ ।

<u>पुनश्च :</u> उल्लेखित विवरण अनुसारको अंग पूरा नगरी आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन । साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ ।

.....................
(मिन प्रसाद उपाध्याय)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत